**<u>नीतिगत तथा अन्य निर्णयहरु :</u>**

१. यस नगरपालिकाको तेश्रो नगर परिषदमा प्रस्तुत आ.व.०७३/०७४ को नगर विकास नीतिहरु पारित गरियो ।

२. यस नगरपालिकाको तेश्रो नगर परिषद्मा प्रस्तुत आ.व.०७३/७४ को बार्षिक बजेट तथा कार्यक्रमहरु पारित गरियो ।

३. यस नगरपालिकाको दोश्रो नगर परिषद् सम्पन्न भए पश्चात् हालसम्म नगरपालिका बोर्ड बैठकले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको लागि नियमानुसार गठित राजस्व परामर्श समितिको सिफारिस बमोजिम चालु आ.व.०७२/७३ का लागि संशोधित एवं आ.व.०७३/७४ का लागि प्रस्ताव गरिएका बजेट तय गरी अनुसूचि-१ मा रहेका कर, सेवा शुल्क र दस्तुरका दरहरु स्वीकृत गर्ने निर्णय गरियो । साथै कर, दस्तुर, शुल्क, महशुलको दररेट छुट भएमा वा निर्धारण गर्नु पर्ने भएमा राजस्व परामर्श समितिको सिफारिसमा नगर परिषद्बाट अनुमोदन गराउने गरी कार्यान्वयन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग दर्शन र नमुना संगठन संरचना तथा दरबन्दी विवरणलाई समेत मध्यनजर गरी अनुसूचि-२ र ३ बमोजिम तयार गरिएको संगठन संरचना तथा दरबन्दी तालिकालाई स्वीकृत गर्ने निर्णय गरियो ।

६. आगामी आर्थिक बर्ष आ.व.०७३/७४ को लागि स्वीकृत दरवन्दी अनुसारका पदहरु चालु आर्थिक वर्ष भित्रमा नै पदपूर्ति हुन सक्ने सम्भावनालाई आधारमानी अनुसूचि-४ बमोजिम तयार गरिएको कर्मचारीहरुको तलबी प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

७. कावासोती नगरपालिका क्षेत्र भित्र क्रियाशिल गैर सरकारी संघ संस्थाहरुले सम्पादन गर्ने कार्यक्रम तथा बजेट बमोजिमको विकास निर्माण कार्य लगायत सेवा सुविधा सम्बन्धी कार्यक्रमहरु नगरपालिकासँग समन्वय गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन गैर सरकारी संस्थाहरुको सूची (Roster) अध्यावधिक गरी नगरपालिकामा लगत राख्ने निर्णय गरियो ।

८. आ.व.२०७१/७२ को आय, व्यय र धरौटीतर्फको सम्पूर्ण श्रेस्ताको अन्तिम लेखा परिक्षण गर्न रजिष्टर्ड लेखा परिक्षक छनौट गर्ने कार्यका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

९. हाल यस कावासोती नगरपालिका कार्यालय रहेको जग्गा राष्ट्रिय आवास कम्पनीको नाममा रहेको (पुर्वतर्फ शान्ती टोल जाने पिच बाटो, दक्षिणर्फ कुमारवर्ती क्याम्पस जाने पिच बाटो,

पश्चिमतर्फ कावासोती खानेपानी उपभोक्ता संस्था र नेपाल विद्युत प्राधिकरणको वाल कम्पाउण्ड र उत्तरतर्फ नेपाल टेलिकमको वाल कम्पाउण्ड) जग्गाको स्वामित्व नगरपालिकाले ग्रहण गरी जग्गा धनी प्रमाण पुर्जा प्राप्त गर्न आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

१०. यस नगर क्षेत्रमा व्यवस्थित बस पार्क निर्माणका लागि आवश्यक उपयुक्त जग्गा छनौट गर्न प्राविधिक सहितको कार्यदल गठन गरी सो कार्यदलबाट प्राप्त प्रतिवेदनको आधारमा प्रस्तावित जग्गाको स्वामित्व/भोगाधिकार नगरपालिकाले ग्रहण गर्ने र बस पार्क निर्माण कार्य अघि बढाउन नगर विकास कोष लगायत उपयुक्त साझेदार संस्थाको छनौट गर्ने अधिकार नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११. हुलाकी बाटो नक्सा अनुसारको कायम गरी यथाशिघ्र निर्माण सम्पन्न गर्न नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका क्षेत्रका विभिन्न भित्री सडकहरुमा जथाभावी राएिका Speed breaker हरुका कारण भएका दुर्घटनाहरुलाई मध्यनगर गर्दै प्राविधिक टोली गठन गरी स्थलगत अध्ययनबाट सिफारिस लिई अनावश्यक स्पीड ब्रेकर भत्काउन नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३. नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका घर भवन लगायतका स्थायी संरचना निर्माण गर्दा शहरी विकास योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ लगायतका अन्य प्रंचलित कानूनको पालना हुने गरी मात्र अनुमति दिने गरी नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१४. भवन निर्माण मापदण्ड सम्पन्न भएका घर, भवनहरु सम्बन्धमा सडक मापदण्ड पुरा भएको अवस्थामा प्राविधिक लगत लिई सम्पत्ति मूल्यांकन वा बैंकिङ प्रयोजनमा ल्याउन सकिने गरी निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

१५. मापदण्ड कार्यान्वयनमा ल्याउनु अघि निर्माण सम्पन्न भएका घर भवनहरु नियमित गर्दा आ.व.०७२/७३ का लागि प्रचलित शुल्कमा ५०% छुट दिने दोश्रो नगर परिषदको निर्णयलाई आ.व.०७३/७४ सम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

१६. यस नगरपालिकाको दोश्रो नगरपरिषद्को निर्णय नं.१४ र १५ बमोजिम तोकिएको प्रोत्साहन भत्ताहरु हाल वृद्धि भएको कार्य बोझ र अतिरिक्त समय कार्य गर्नु पर्ने अवस्थालाई मध्यनगर गर्दै २०७३ श्रावणदेखि लागू हुने गरी रु.५००/- (पाँच सय) थप गर्ने निर्णय गरियो ।

१७. यस नगरपालिकामा सेवा करारमा रही कार्यरत सहायक चौथो तह स्तरका कर्मचारीहरुलाई २०७३ श्रावण देखि लागू हुने गरी तोकिएको आधारभूत तलब स्केल दिन सकिने गरी नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै नगरपालिकामा कार्यरत

कर्मचारीहरुलाई दमकलतर्फ आगो निभाउने कार्यमा संलग्न हुँदा अतिरिक्त कार्य गरे वापत प्रत्येक पटकको लागि निश्चित रकम प्रोत्साहन भत्ता दिन सकिने व्यवस्था गर्न नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१८. यस नगरपालिकामा रहेको दमकल संचालन ल्याउन छिमेकी नगरपालिकाहरुसँग साझेदारी सम्झौता गरी आवश्यक व्यवस्थापन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

१९. यस नगरपालिकाको महेन्द्र राजमार्गको उत्तरतर्फ केरुङ्गेखोलाबाट दक्षिण-पूर्वमा रहेको करिब २५० विघा ऐलानी/पर्ति जमिनलाई नदी उकास र तटबन्ध गरी संरक्षण गर्ने र सरकारी कार्यालयहरु तथा औद्योगिक कोरिडोरको रुपमा विकास गर्न यसै आर्थिक बर्षभित्र सम्बन्धित निकायसँगको समन्वय र साझेदारीमा कार्य अघि बढाउने ।

२०. नगर क्षेत्रको बस्तुगत तथ्यांक संकलन गरी नगरको वस्तु स्थिति देखिने नगर पार्श्व चित्र र श्रोत नक्सा तयार गर्ने तथा नगरको व्यवस्थित र योजनावद्ध विकासको लागि ५ बर्षे आवधिक नगर विकास योजना तयार गर्ने निर्णय गरियो ।

२१. नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्नका लागि मालपोत र नापी कार्यालयसँगको समन्वयमा त्यस्ता जग्गाहरुको पहिचान र लगत तयार गरी अभिलेख राख्ने कार्य गर्ने निर्णय गरियो ।

२२. नगरपालिकाबाट संचालन भई सम्पन्न हुने भौतिक पुर्वाधारहरुको दिगो रुपमा संचालन हुन सक्ने अवस्थामा राख्न एक मर्मत-संभार विशेष कोषको स्थापना गर्ने र सो कोषको व्यवस्थाको लागि नगरपालिकाको आन्तरिक श्रोतबाट निश्चित रकम छुट्याई एकमुष्ठ रुपमा राख्ने तथा प्रत्येक योजनाहरुको अन्तिम भुक्तानी हुँदाको अवस्थामा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम तोकिएको रकम कट्टा गरी जम्मा गर्ने व्यवस्था गरिने निर्णय गरियो ।

२३. नगरपालिकाको मुख्य बजार क्षेत्रभित्र रहेका सडकहरुको स्तरोन्नती तथा कालो पत्रे गर्ने कार्यमा सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालयसँगको साझेदारीमा शहरी सडक कार्यक्रम संचालन गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

२४. आ.व.०७१/७२ देखि यस नगरपालिकामा संचालित वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP) का माध्यमबाट नगरपालिका, सरकारी तथा गैर-सरकारी संघसंस्था, निजि क्षेत्र लगायत सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा आर्थिक बर्ष ०७३/७४ सम्ममा वातावरण

मैत्री स्थानीय शासन प्रारुप २०७० ले निर्धारण गरेका नगर स्तरीय सम्पूर्ण आधारभूत सुचकहरु पुरा गर्ने गरी कार्यक्रम तर्जुमा तथा संचालन गरिने निर्णय गरियो ।

२५. दिर्घकालीन रुपमा Land Fill Site को व्यवस्थापनका लागि विभिन्न निकाय, स्थानीय राजनीतिक दलहरु, सामुदायिक वन उपभोक्ता समिति, जिल्ला वन कार्यालय लगायत अन्य सरोकारवाला पक्षहरुसँग समन्वय गरी व्यवस्थापन गर्ने र उक्त कार्यको लागि प्राविधिक रुपमा सहयोग जुटाउन फोहर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रसँग सहकार्य गरिने निर्णय गरियो ।

२६. यस नगर क्षेत्रमा बढ्दै गइरहेको अव्यवस्थित ढल निकास प्रणालीलाई व्यवस्थित गर्न समग्र शहरी क्षेत्रको ढल निकास गुरु योजना निर्माण गरी सोही योजनाका आधारमा ढल निर्माण गरिने नीति अवलम्बन गरिने निर्णय गरियो ।

२७. बालबालिका सम्बन्धी योजना कार्यान्वयन गर्दा बालबालिकाको क्षेत्रमा लगानी गर्ने सबै विकास साझेदारहरुको प्रयासलाई समन्वय गरी बालबालिकाहरुको लागि एकिकृत योजना निर्माणको प्रक्रिया अगाडि बढाउने र यस नगर क्षेत्रलाई वि.सं.२०७४ साल सम्ममा बालमैत्री नगरपालिका घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो र सो कार्यका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत संचालित विभिन्न कार्यक्रमहरु यस नगरपालिकामा कार्यान्वयनमा ल्याउन समेत अनुरोध गर्ने निर्णय गरियो।

२८. नगर क्षेत्रमा सम्बन्धित सरोकारहरुको सहकार्यमा एक अपाङ्ग छात्रावास भवन निर्माण कार्यलाई निरन्तरता दिने र नगरक्षेत्रमा रहेका वृद्धाश्रमहरुको मर्मत सुधार र स्तरोन्नति गर्न सहयोग गर्ने ।

२९. गर्भवती आमा र बच्चाको षोषणको अवस्थामा सुधार ल्याउन सुनौला हजार दिनको अवधारण बमोजिम अन्य सरोकारवाला निकाय तथा संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइने निर्णय गरियो ।

३०. सरकारी र सामुदायिक स्वास्थ्य संस्थामा गई प्रसुती गराउने विपन्न परिवारका आमाहरुको लागि पहिलो २ वटा बच्चासम्म स्वास्थ्य संस्थाको वर्थ सर्टिफिकेट र ३५ दिन भित्र नगरपालिकामा जन्म दर्ता गरेको प्रमाणको आधारमा रु.१५००/- (अक्षरुपी एक हजार पाँच सय रुपैया) प्रसुती स्याहार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

३१. मालपोत तथा भूमिकर र निर्मित संरचनाहरुको एकमुष्ठ रुपमा कर निर्धारण हुने वैज्ञानिक प्रकृतिको एकिकृत सम्पत्ति कर प्रणाली लागु गर्ने दोश्रो नगर परिषद्को निर्णयलाई तेश्रो नगर परिषदको निर्णय बमोजिम दर रेट कायम गरी आ.व.२०७२/०७३ बाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

३२. नगरपालिकाको आन्तरिक आय वृद्धिको साथै नगरवासीहरुमा कर सम्बन्धी सकरात्मक धारणाको विकास गराउन कर दाता शिक्षा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

३३. यस नगरपालिकाको कर्मचारी सम्बन्धी विनियम तयारी गरी पारित गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३४. केरुङ्गे खोलाको सतह (Bed Level) नजिकको वस्तीको तहभन्दा माथि रहेको र बर्षातको बाढीले क्षति पुऱ्याउने विषयलाई मध्यनगर गर्दै प्राविधिक अध्ययन गराई तत्काल आवश्यक व्यवस्थापन गर्न जिल्ला विकास समितिको कार्यालय, नवलपरासीलाई अनुरोध गर्ने निर्णय गरियो ।

३५. राजश्व परामर्श समितिको सिफारिस बमोजिमको नगरपालिका क्षेत्रमा स्थानीय श्वायत्त शासन नियमावलीको नियम १४१ अनुसूची-९ बमोजिमको घर बहाल कर २% कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

३६. यस नगर क्षेत्रबाट उत्पादन हुने ईटा, ब्लक जस्ता निर्माण सामाग्रीहरु अन्य औद्योगिक उत्पादनहरुमा तोके बमोजिमको प्राकृतिक श्रोत उपयोग एवं प्रदुषण शुल्क कार्यान्वयनमा ल्याउन जि.वि.स.लाई अनुरोध गर्ने निर्णय गरियो ।

३७. यस नगरपालिकाको लागि NEST-ECN-Moonlight JV बानेश्वर, काठमाण्डौंसँग परामर्श सेवा खरिद गरी तयार गरिएको नगर सडक गुरु योजना (MTMP) को प्राप्त अन्तिम प्रतिवेदन स्वीकृत गर्ने र यसै आ.व.बाट कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**<u>राजस्व परामर्श समितिबाट भएका निर्णयहरु :</u>**

१. एकिकृत सम्पत्ति कर न्युनतम लगाउने :
   स्थानीय स्वायत्त शासन नियमावली २०५६ को अनुसूचि १२ मा उल्लेख गरिएका न्यूनतम दरहरु कार्यान्वयनमा ल्याउन नगरपालिकालाई सिफारिस गर्ने ।

२. विज्ञापन करतर्फ होर्डिङ बोर्ड, साइन बोर्ड, तुल व्यानर लगायतका सबै प्रकारका विज्ञापन करहरु कार्यान्वयन गर्न एकमुष्ट रुपमा ठेक्कामा लगाउन सिफारिस गर्ने ।

३. सवारी कर व्यवस्थापन हालसम्म सुरु नगरिएकोले गत नगर परिषद्बाट निर्णय गरिएका दरहरुमा नबढ्ने गरी कार्यान्वयनमा ल्याउन थप अध्ययन समेत गरी व्यवस्थापन गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

४. विभिन्न सिफारिस दस्तुर अन्तर्गत सि.नं.४ मा उल्लेख भएका दर्ता हुन बाँकी जग्गामा पानी विजुलीको सिफारिस दस्तुरहरु हाल कार्यान्वयनमा नआएकोले आ.व.०७२/०७३ को दरहरु कायम राख्न सिफारिस गर्ने ।

५. सि.नं.१२.१ का मालपोत तथा भूमिकर सम्बन्धमा एकिकृत सम्पत्तिकर कार्यान्वयनमा आएपछि खारेज गर्न सिफारिस गर्ने ।

६. सि.नं.१२.१२ को सर्जमिन मुचुल्का सम्बन्धमा निवेदकले स्थलगत सर्जमिन मुचुल्का माग गर्दा मात्र दस्तुर लाग्ने गरी व्यवस्थाप गर्न सिफारिस गर्ने ।

७. सि.नं.१५.१ को आयश्रोत प्रमाणित दस्तुर रु.३० लाख भन्दा बढी रकम मूल्यांकित भएमा ०.०५% को दरले तिर्ने व्यवस्थाका लागि सिफारिस गर्ने ।

८. सि.नं.१९ को ठेक्का अनुभव सिफारिस २० लाख भन्दा माथि मूल्यांकनको लागि ०.०५% को दरले लिन नगरपालिकालाई सिफारिस गर्ने ।

१०. सि.नं.२३ को संस्थागत शिक्षण संस्था दर्ता सिफारिस निम्नानुसार हुने गरी कार्यान्वयन गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

| | |
|---|---|
| क) पूर्व प्रा.वि. | रु. ५,०००/- |
| ख) कक्षा ८ सम्म | रु.१०,०००/- |
| ग) कक्षा १२ सम्म | रु.१५,०००/- |
| घ) क्याम्पस | रु.२०,०००/- |
| ङ) विश्व विद्यालय | रु.२५,०००/- |
| च) कोचिङ्ग सेन्टर | रु. १,०००/- |

११. सि.नं.२४ को प्राविधिक शिक्षातर्फ सिफारिस दस्तुरहरु यस अधिका सामुदायिक तथा संस्थागत शिक्षण संस्था सरह लिइने हुँदा उक्त सि.नं.२४ को शिर्षक हटाउने निर्णय गरियो ।

१२. सि.नं.२५ को बाटो लगत कट्टा सम्बन्धमा जग्गा प्लटिङ्ग प्लानिङ्ग गर्न नगरपालिकाको अनुमति अनिवार्य गर्ने र सिफारिस दस्तुर देहाय बमोजिम लागू गर्न सिफारिस गर्ने ।

क) १० कठ्ठा सम्मको लागि रु. ५ हजार ।

ख) १ विघा सम्मको लागि रु.१० हजार ।

ग) १ विघा भन्दा माथि जतिसुकै भए पनि रु.२० हजार ।

१३. सि.नं.२८ घर नक्सा सम्बन्धी :

२८.१ नक्सापास दरखास्त फारम रु.५००/-

२८.२ नक्सापास दस्तुर

२८२.१ मुख्य व्यापारिक तथा शहरी क्षेत्रतर्फ (अनुसूचि १ क) का कित्ताहरु

- क वर्गका घरहरु रु.२०/- प्रति वर्ग फिट
- ख वर्गका आर.सि.सि. छाना र फ्रे स्टकचर भएका घरहरु रु.१५/- प्रतिवर्ग फिट
- ग वर्गका आर.सि.सि. छाना, फ्रेम भएका घरहरु रु.१०/- प्रति वर्ग फिट
- घ वर्गका कच्ची घरहरु रु.५/- प्रति वर्ग फिट

२८२.२ व्यापारिक तथा आवासीय शहरी क्षेत्रतर्फ (अनुसूचि १ क) का कित्ताहरु

- क वर्गका घरहरु रु.८/- प्रति वर्ग फिट
- ख वर्गका घरहरु रु.६/- प्रतिवर्ग फिट
- ग वर्गका घरहरु रु.४/- प्रति वर्ग फिट
- घ वर्गका घरहरु रु.२/- प्रति वर्ग फिट

२८२.३ ग्रामिण तथा आवासीय क्षेत्रतर्फ (अनुसूचि १ क) का कित्ताहरु

- क वर्गका घरहरु रु.४/- प्रति वर्ग फिट
- ख वर्गका घरहरु रु.३/- प्रतिवर्ग फिट
- ग वर्गका घरहरु रु.२/- प्रति वर्ग फिट
- घ वर्गका कच्ची घरहरु रु.१/- प्रति वर्ग फिट

१४. पेशा व्यवसाय तर्फ

बार्षिक पेशा व्यवसाय कर सम्बन्धमा करदाताहरुलाई करको दायरामा ल्याई कर सहभागिता बढाउन प्रोत्साहन गर्नु पर्ने भएकोले गत विगत नगर परिषदबाट निर्धारण गरिएका दरहरुलाई नै यथावत राख्न सिफारिस गर्ने ।

१५. सि.नं.२९.१२ मा उल्लेख भएको घर नक्सा नियमित गर्दा ५०% छुट दिने व्यवस्थालाई आ.व.२०७३/०७४ सम्मको लागि मात्र निरन्तरता दिन सिफारिस गर्ने ।